बैठक नं. ५१

आज मिति २०७६/०८/१२ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | मित्रमणि खनाल | नि.प्रमुख प्रशासकीय अधिकृत | |

30 चित्र बहादुर गुरुङ -

प्रस्ताव नं.५१.१ बोरिङ्ग प्रयोगका लागि खानेपानी संस्थानलाई अनुमति दिने सम्बन्धमा ।

निर्णय नं. ५१.१ : यस उपमहानगरपालिकाबाट एशियाली विकास बैंकको सहयोगमा वडा नं.७,८ र १० मा निर्माण भएका खानेपानीको बोरिङ्गहरु नगर क्षेत्रमा देखिएको खानेपानीको चरम अभाव कम गर्न पछि खानेपानी व्यवस्थापनको बैकल्पिक प्रबन्ध वा खानेपानी बोर्ड गठन भएमा उक्त बोरिङ्गमा नगरपालिकाले गरेको लगानी मूल्यांकन नगरकै लगानी मानिने गरी कायम गर्ने शर्तमा खानेपानी संस्थानलाई प्रयोग गर्नेगरी अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.२ विधुतीय रिक्सा संचालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि,२०७६ पारित गर्ने सम्बन्धमा ।

निर्णय नं.५१.२ :बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालन भएका र आगामी दिनमा संचालन हुने बिधुतीय रिक्साहरुको संचालन,व्यवस्थापन र नियमन सम्बन्धी कार्यविधि,२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.३ ईन्टरनेट एक्सचेन्जर सेन्टर स्थापनाका लागि जग्गा सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं.५१.३ : नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना प्रविधि केन्द्र सिंहदरवार काठमाण्डौको मिति २०७६/०७/२१ पत्र संख्या ०७६/०७७ च.नं.२७२ को इन्टरनेट एक्सचेन्जर सेन्टर स्थापनार्थ जग्गा उपलब्ध गराउने सम्बन्धी पत्र आजको बैठकमा पेस भई छलफल भयो । सरकारी क्रियाकलापहरुलाई सूचना प्रविधिसंग आबद्धगर्दै सरकारी सूचना तथा सेवामा सहज पहुंच बनाउन इन्टरनेट एक्सचेन्जर सेन्टर भवन निर्माण गर्न बुटवल उपमहानगरपालिका वडा नं.१० मा अवस्थित रामनगर कम्पोष्ट प्लान्टको उत्तरतिर जोडिएको कुनै व्यक्तिको स्वामित्वमा नरहेको जग्गा विघा २-०-० (दुई विघा) मात्र उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.४ बुटवल उपमहानगरपालिका वडा नं. १६ को सिफारिसका आधारमा प्रस्तावित स्थानमा बुटवल नरेनापुर धाम क्रिकेट रंगशाला निर्माण सम्बन्धमा ।

निर्णय नं. ५१.४ : बुटवल उपमहानगरपालिका १६ नं.वडा कार्यालयको मिति २०७६/०४/०८ पत्र संख्या ०७६/०७७ च.नं.२७ को क्रिकेट खेलमैदान निर्माण सम्बन्धी पत्र आजको बैठकमा पेस भई छलफल भयो । वडा नं.१६ मा अन्तराष्ट्रिय स्तरको क्रिकेट रंगशाला निर्माण गर्नका लागि बुटवल नरैनापुर अन्तराष्ट्रिय क्रिकेट रंगशाला बुटवल

१६,डहरगाउं नामाकरण गर्ने र उक्त स्थानमा रहेको सार्वजनिक जग्गा मध्ये रंगशाला निर्माणका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन सम्बन्धीत निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.५ आधुनिक कृषि थोक उपज केन्द्रका लागि थप जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ५१.५ : बुटवल उपमहानगरपालिका वडा नं.१६ मा प्रस्तावित आधुनिक कृषि थोक उपज केन्द्र निर्माणको लागि हाल उपलब्ध गराईएको जग्गा अपुग हुने देखिएकोले माग बमोजिमको थप जग्गा उक्त ठाउमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.६ प्रदेश प्रहरी तालिम केन्द्र तथा पश्चिम पृतना लाई पूर्वाधार सहयोग र बार एशोसिएशनको राष्ट्रिय सम्मेलनका लागि सहयोग सम्बन्धमा ।

निर्णय नं. ५१.६ : प्रदेश प्रहरी तालिम केन्द्र र नेपाली सेनाको पश्चिम पृतना बाट भएको भौतिक निर्माणको प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि प्रदेश प्रहरी तालिम केन्द्र लाई रु.५ लाख र पश्चिम पृतना लाई रु.३ लाख तथा मानव अधिकार राष्ट्रिय गोष्ठी तथा ४६ औं केन्द्रीय कार्यकारिणी परिषद बैठकका लागि उच्च अदालत बार एशोसिएशन,बुटवल लाई प्रस्ताव बमोजिमको कार्य सम्पन्न भए पछिको प्रतिवेदन र विल भर्पाईको आधारमा बढीमा रु.३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.७ पूर्वाधार प्रयोगशालाको दर रेट कायम सम्बन्धमा ।

निर्णय नं. ५१.७ : बुटवल उप-महानगरपालिकामा चालु आ.व. देखि सञ्चालनमा ल्याउन लागिएको गुणस्तर परीक्षण सेवाको गुणस्तर परीक्षण दररेट कायम गर्नका लागि देहाय बमोजिमको सेवामा देहाय बमोजिमको शुल्क कायम गर्ने गरी मिति २०७६।०८।०६ मा प्रमुखवाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

गुणस्तर परीक्षण शुल्कको दररेट

| क्र.सं. | परीक्षण विवरण | बुटवल उप-महानगरपालिकाको आयोजनाको लागि (रु.) | बु.उ.म.न.पा. बाहेक अन्य बाह्य को लागि (रु.) |
|---|---|---|---|
| १ | सिल एनालाईसिस ( सवबेस तथा बेस) | ८००। | ९००। |
| २ | फिल्ड डेनसिटी प्रतिसेट | ६००। | ७००। |
| ३ | प्रोक्टर कम्प्याक्शन प्रति सेट | १५३०। | १८००। |
| ४ | कम्प्रेसिभ स्ट्रेन्थ क्यूव टेष्ट प्रति पिस | १००। | १५०। |
| ५ | डक्टाईल टेष्ट | ५००। | ६००। |

प्रस्ताव नं. ५१.८ आय ठेक्का व्यवस्थापन सम्बन्धी नियमावली,२०७६ पारित सम्बन्धमा ।

निर्णय नं. ५१.८ : बुटवल उपमहानगरपालिकाको नगर सभाले तोकेको राजश्वको लक्ष्य,आर्थिक ऐनले निर्धारण गरेको प्रक्रिया र विधि समेतका आधारमा आय ठेक्कालाई व्यवस्थित बनाउन आय ठेक्का व्यवस्थापन सम्बन्धी नियमावली,२०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.९ नदीजन्य पदार्थको अवैध उत्खनन तथा घाटगद्दी व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ५१.९ : बुटवल उपमहानगरपालिका वडा नं.१७ रानीगंज स्थित औधौगिक कोरिडोरको जग्गामा (औधोगिक क्षेत्र व्यबस्थापन लिमिटेडको) अवस्थित तथा अवैध रुपमा घाटगद्दी गरिएको ३९,०००(उनन्चालिस हजार) घन फूट नदीजन्य पदार्थ नगर कार्यपालिकाले तोकेको नदीजन्य पदार्थको रोयल्टी प्रति बर्ग फुट रु.१५।४१ का दरले उक्त सामाग्री संकलन गर्ने संकलक सुरजमती थारु (हाल रुपनारायण सप्लार्यस) बाट राजश्व दाखिला गर्न लगाउने र सो राजश्वको ३५ प्रतिशतले हुने रकम जरिवाना गर्ने तथा उल्लेखित राजश्व र जरिवाना रकम १५दिन भित्र नबुझाएमा उक्त सामाग्री जफत गरी प्रति बर्ग फुट रु.१५।४१ न्यूनतम मूल्य कायमगरी लिलाम गर्ने तथा यसरी लिलाम गर्ने

अवस्था आएमा सम्बन्धित संकलकवाट न्यूनतम मूल्य वरावर जरिवाना समेत असुल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.१० बार्षिक कार्य संचालन तालिका परिमार्जन सम्बन्धमा ।

निर्णय नं. ५१.१०: बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको आ.व.२०७६/०७७ को पूर्वाधार विकास निर्माण तर्फको स्वीकृत बार्षिक कार्य संचालन कार्य तालिका बमोजिम कार्य सम्पादन गर्ने क्रममा सम्बन्धित योजनाको उपभोक्ता समिति गठन हुन नसक्नु,उपभोक्ताको लागत सहभागिता समयमा जुट्न नसक्नु,ठेक्का प्रक्रियाको बन्दोवस्त गर्न केही बांकी रहनु जस्ता कारणले केही समय थप गरी कार्य सम्पादन गर्नुपर्ने देखिएको हुंदा स्वीकृत बार्षिक कार्य संचालन तालिकामा केही परिमार्जन गर्न आवश्यक देखिएको हुंदा देहायको कार्यक्रमको बार्षिक कार्य संचालन तालिकामा देहाय बमोजिम परिमार्जन गर्ने निर्णय गरियो ।

## परिमार्जित वार्षिक कार्यसञ्चालन तालिका
## आ.व. २०७६/०७७

| क.सं. | कार्यकम/ कियाकलापको विवरण | महिना | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | असार | |
| १ | चालु आ.व.का योजनाहरुको लगत ईष्टिमेट गर्ने | | | | | | | | | | | | | |
| २ | उपभोक्ता समिति गठन गर्ने | | | | | | | | | | | | | |
| ३ | उपभोक्ता समितिसंग संम्झौता गर्ने | | | | | | | | | | | | | |
| ४ | ठेक्का प्रकियाबाट संचालन गर्ने योजनाहरुको सूचना प्रकाशन गर्ने | | | | | | | | | | | | | |
| | नोट :- कार्यतालिका बमोजिम कार्यकम संचालन गर्ने कममा विशेष परिस्थिति आई समय थप गर्नु पर्ने भएमा आवश्यकता र औचित्यको आधारमा पूर्वाधार विकास समितिको निर्णय बमोजिम हुने छ । | | | | | | | | | | | | | |

प्रस्ताव नं. ५१.११ मेयर युवा ईलम कार्यक्रम कार्यविधि,२०७६ टेबुल गर्ने सम्बन्धमा ।

निर्णय नं.५१.११ : मेयर युवा ईलम कार्यक्रम कार्यविधि,२०७६ बेरोजगार विपन्न तथा गरिव परिवारका युवाहरुलाई व्यवसायिक उधमशिल बनाउन सीप मूलक तालिम संचालन गरी स्वरोजगारी, रोजगारी सृजना गर्न अभिप्रेरित गर्ने सम्बन्धी कार्यक्रम कार्यविधि आजको बैठकमा टेबुल गरियो ।

प्रस्ताव नं. ५१.१२ विविध ।

प्रस्ताव नं.५१.१२.१ हाजिरीको जानकारी सम्बन्धमा ।

निर्णय नं. ५१.१२.१ :लोकसेवा आयोग बुटवलको प.सं.९(५)/०७६/७७, च.नं. १४ को सिफारिस तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.०५, मिति २०७६/०७/२६ को पत्रबाट यस वुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा नेपाल न्याय सेवा, कानून समुह छैठौं तह, अधिकृत पदमा सिफारिस हुनु भएका श्री ध्रुव भट्टराईलाई मिति २०७६/०७/२८ गते देखि नै लागु हुने गरी उक्त पदमा नियुक्तिको लागि मिति २०७६/०८/०६ मा भएको प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.५१.१२.२ चालु आ.व.२०७६/०७७ प्रथम चौमासिकको आय व्यय प्रगति जानकारी सम्बन्धमा ।

निर्णय नं. ५१.१२.२ वित्त व्यवस्थापन महाशाखाबाट पेश हुन आएको आ.व.०७६/०७७ प्रथम चौमासिक सम्मको देहाय बमोजिमको आम्दानी खर्च आजको वैठकमा जानकारी भयो । प्रथम चौमासिक सम्ममा कुल आम्दानी ७९०,४३९,५६३.४४ (आन्तरिक श्रोततर्फ ५४४,०७९,५६३.४४ र बाह्रय तर्फ २४६,३६०,०००.००) र खर्च तर्फ ४४१,९६१,८८१.०२( चालु खर्च २६७,५२३,८४३.०२ र पुजीगत खर्च तर्फ १७४,४३८,०३८.००)

प्रस्ताव नं. ५१.१२.३ विज्ञापनकर ठेक्काको न्यूनतम अंक तोक्ने सम्बन्धमा ।

निर्णय नं. ५१.१२.३ :

यस उपमहानगरपालिका र ऐपेक्स नेपाल प्रा.लि. बीच भएको संझौतामा उल्लेखित क्षेत्र बाहेकका नगर क्षेत्र भित्र आर्थिक ऐन २०७६ बमोजिम विज्ञापनकर संकलन व्यवस्थापन गर्ने सम्बन्धमा राजश्व परामर्श समितिको सिफारिस बमोजिम चालु आ.व. र आ.व.२०७७/०७८ का लागि एक मुष्ट न्यूनतम ठेक्का अंक भ्याट सहित रु.३५,००,०००। (पैतिस लाख) कायम गर्ने गरी आय ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५१.१२.४ प्रमुखज्यूको बैदेशिक भ्रमण सम्बन्धमा ।

निर्णय नं. ५१.१२.४ : जर्मन सहयोग संस्थाको निमन्त्रणामा ३० नोभेम्वर २०१९ देखि ११ डिसेम्वर २०१९ सम्म फिलिपिन्सको अध्ययन अवलोकन भ्रमणमा यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री शिवराज सुवेदीलाई मनोनयन गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं ५१.१२.५ नदीजन्य पदार्थको संकलन उत्खनन सम्बन्धि कार्ययोजना स्वीकृति सम्बन्धमा ।

निर्णयनं.५१.१२.५ नदीजन्य पदार्थको उत्खनन संकलन सम्बन्धमा मिति २०७६/०८/०५मा प्रमुखबाट सदर टिप्पणी बमोजिमको स्वीकृत कार्ययोजना लाई समर्थन गर्ने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सवै लाई धन्यवाद दिदै प्रमुखज्युबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।